मासिक
# विपद् बुलेटिन
२०७८ असोज, अंकः ३

## यस भित्र

१ विपद् जोखिम व्यवस्थापनमा प्रदेश र स्थानीय सरकारको नेतृत्व आवश्यक
२ विपद् जोखिम न्युनीकरण सम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्था
३ पहिरोको उच्च जोखिममा बुटवलको बटौली बजार
४ विपद जोखिम न्युनीकरणका लागि स्थानीय पहल

## सम्पादकीय

## मौसमजन्य विपद् जोखिम न्युनिकरणलाई प्राथमिकतामा राखौं

नेपालमा हरेक वर्ष मनसुनको समयमा सयौंको संख्यामा पहाडी भूभागमा पहिरो र तराई क्षेत्रमा बाढीले ठूलो जनधनको क्षति हुँदै आएको छ । यो वर्ष पनि बाढी र पहिरोकै कारण विभिन्न ठाउँमा मानवीय तथा भौतिक क्षति व्यहोर्न पर्‍यो । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार २०७८ साल वैशाखदेखि असोजको पहिलो सातासम्म विभिन्न विपद्मा परी २४० जनाले ज्यान गुमाएका छन् । विपद्का घटनामा परि प्रभावित हुने परिवारको संख्या २ हजार ३५९ छ भने यसबाट करिब १ अरब बढिको क्षति भएको अनुमान गरिएको छ ।

यो अवधिमा पहिरोका कारण ८० जनाको मृत्यु भएको छ भने ८ जना बेपत्ता भएका छन् । यस्तै ६१ जना घाइते छन् । यो अवधिमा बाढीबाट ३८ जनाले ज्यान गुमाएका छन् भने ३२ जना बेपत्ता र २ सय १७ घाइते भएका छन् ।

मनसुनको नगन्य प्रभाव मात्रै पर्ने तथा पानी नपर्ने जिल्लाका रूपमा लिइएका हिमालपारीका जिल्ला मनाङ र मुस्ताङमा पनि मनसुनको शुरूमै पानी पर्यो र क्षति पनि पुग्यो । जलवायु तथा मौसम विज्ञहरुका अनुसार मनसुनको सुरूवातमै उच्च हिमाली क्षेत्रमा धेरै पानी परेकाले हिमाली जिल्लामा पनि बाढी र पहिरोको जोखिम बढाएको छ ।


अब मनसुन बाहिरिँदै गर्दा मनसुनलाई बिर्सिए पनि यसले पुर्‍याएको धनजनको क्षति भने विर्सन सकिने छैन । यो वर्ष कोभिडको समस्या एकातिर थियो भने बाढी पहिरोजन्य विपद्ले श्रृजना गरेको थप समस्या झन् अप्ठ्यारो थियो । यो अवस्थामा पनि राज्यका संयन्त्रहरूको समन्वय र सक्रियताले यसको प्रतिकार्यलाई प्रभावकारी बनाउने प्रयास भयो । तर विपद्को बोझ धेरै हुदा र ाज्यबाट भए गरेका कामहरू पनि पर्याप्त नभएको जस्तो प्रभावितहरूलाई हुनु स्वभाविक हो । हाम्रो संविधानले विपद् विरूद्धको कार्यजिम्मेवारी तिनै तहका सरकारलाई दिएको छ । हरेक तहका सरकारले आ आफ्नो स्थानबाट राम्रो प्रयास गरे पनि तिनै सरकार वीचको समन्वयात्मक एकिकृत प्रतिकार्यलाई अझै प्रभावकारी बनाउन सकिने देखिएको छ ।

फेरी अर्को वर्ष पनि मनसुनको समयमा यस्तै विपद् नहोला भन्न सकिन्न । यदि हामीले यो वर्षको मनसुनको समाप्तीसंगै यसले अर्को वर्ष निम्त्याउँन सक्ने समस्यालाई आँकलन गर्न सकेनौ भने हाम्रो पूर्वतयारी फेरी पनि कमजोर बन्छ । पूर्व तयारी कमजोर बन्नेबित्तिकै क्षति बढि हुन्छ । यो अवस्था आउँन नदिनका लागि जोखिमयुक्त वस्तिको पहिचान, स्थानन्तरणदेखि विपद् प्रभावितहरूको वासस्थानको सुनिश्चितता गर्नका लागि राज्यले यो क्षेत्रमा प्राथमिकताका साथ काम गर्नु पर्छ । यसका लागि विपद् बाह्रै महिना राज्यको प्राथमिकताको विषय बन्नु पर्छ । विपद् जोखिमलाई विकासको अभिन्न अंगको रूपमा तीनै तहका सरकारले आत्मसाथ गरी अघि बढ्नु आवश्यक छ ।

## गतिविधि

## विपद् जोखिम व्यवस्थापनमा प्रदेश र स्थानीय सरकारको नेतृत्व आवश्यक

विपद्जन्य घटनाहरुबाट वर्षेनी ठुलो मात्रामा जनधनको क्षति र विकासका पुर्वाधारहरुमा नोक्सानी रोक्नका लागि तीनै तहका संयन्त्रहरूको सक्रिय भुमिका आवश्यक रहेको सरोकारवालाहरूले बताएका छन् । विपद् पुर्व तयारी सञ्जाल नेपाल (डिपिनेट नेपाल), बागमती प्रदेश सरकार र प्रदेश मामिला समितिद्वारा संयुक्तरूपमा आयोजना गरिएको विपद जोखिम न्युनीकरण र व्यवस्थापनमा अल्पकालिन तथा दिर्घकालिन छलफल कार्यक्रमका बक्ताहरूले यसका लागि विपद् जोखिम न्युनीकरण र व्यवस्थापनका लागि भएका नीतिगत कानुनी र संस्थागत व्यवस्थालाई प्रभावकारी कार्यान्वयन गर्न जोड दिए ।



विपद्ले आम नागरिकको आधारभुत सेवा र जीविकोपार्जनमा समेत प्रतिकुल असर गर्ने भएकाले विपद्जन्य घटनाबाट हुने सबै खाले क्षतिलाई न्युनीकरण र व्यवस्थापन गर्न सबै तहका सरकारले दिर्घकालिन र अल्पकालिन नीतिगत, कानुनी र संस्थागततहगतमा काम गर्न आवश्यक रहेको बताइयो । नीति तथा कानुनको सार्थक कार्यान्वयन र विपद् सवालको सम्बोधनसंग जोडिएका संसथगत संयन्त्रको क्रियाशीलताका लागि विपद न्र्यनीकरणको क्षेत्रमा कामगरेको राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी क्षेत्र, विकास साझेदार र समुदायको हातेमालो आवश्यक रहेकोमा सबैको जोड थियो ।

छलफलमा विपद् जोखिम न्युनीकरण र व्यवस्थापनलाई थप प्रभावकारी बानउन प्रदेश सरकार र स्थानीय सरकारहरूले नेतृत्व लिनु पर्नेमा जोड दिइएको थियो । यसका साथै विपद् जोखिम न्युनीकरण र व्यवस्थापनका लागि नीति यो जनाहरू निर्माण गर्दा विशेष गरी लैङ्गिक समानता र सामाजिक समावेशीकरणलाई प्राथमिकतामा राख्नु पर्ने धारणा राखेका छन् ।

डीपीनेटका अध्यक्ष सुर्यबहादुर थापाले विपदको दृष्ट्रिकोणबाट बागमती प्रदेश उच्च जोखिममा रहेकोले यो जोखिम न्र्यनिकरणका लागि संयुक्त प्रयासको आवश्यकता रहेको बताउनुभयो

बागमती प्रदेशको विपद् न्युनीकरण तथा ब्यवस्थापन उपसमितिको अल्पकालीन र दीर्घकालीन कार्यक्रमका संयोजक डा. राजेन्द्रमान श्रेष्ठले प्रदेशमा विपद् जोखिम न्युनीकरण र ब्यवस्थापन सम्बन्धी समस्याहरू रहेको बताउदै विपद् जोखिम न्युनीकरण र ब्यवस्थापन कार्यक्रम र पहलहरूलाई संगठित गरेर अघि बढ्ने बताउनु भयो ।

## स्वास्थ्य सामग्री हस्तान्तरण


फ्रेण्ड्स सर्भिस काउन्सिलले महालक्ष्मी नगरपालिकालाई कोभिड-१९ प्रतिकार्य परियोजना अन्तर्गत विभिन्न स्वस्थ्य सामग्री उपलब्ध गराएको छ ।

वाग्मती प्रदेशका सांसद माधव पौडेलले एक कार्यक्रमका बीच नगरप्रमुख रामेश्वर श्रेष्ठ र उपप्रमुख निर्मला थापालाई संयक्तरुपमा रु ५ लाख ५० हजार बराबर को अक्सिजन, मास्क, सेनिटाइजर, ह्याण्ड वास, साबुन, वेट मेशिन, अक्सिमिटर, वि पी सेट, फेस सिल्डलगायतका २३ प्रकारका सामग्री हस्तान्तरण गरेका हुन् ।

काउन्सिलको समन्वयमा बेलायतस्थित वल्ड जे वीस रिलिफको सहयोगमा प्राप्त ती सामग्री नगरपालिकाले आफ्नो क्षेत्रका विभिन्न स्वास्थ्य संस्थालाई उपलब्ध गराउने जनाइएको छ । यही अगष्ट महिनादेखि सञ्चालन गरिएको सो परियोजना अन्तर्गत नगरपालिका भित्र कोरोनाबाट सताइएका अतिविपन्न, अपाङ्गता भएका, जेष्ठ नागरिक, कोभिड-१९ का कारण रोजगार गुमाएका र सुत्केरी, गर्भवती तथा एकल महिला गरी २२५ जनालाई राहत स्वरुप एक परिवारलाई एक महिनासम्म पुग्ने खाद्यान्न सहयोग पनि उपलब्ध गराइएको थियो ।

यसैगरी विभिन्न सार्वजनिक स्थलमा सहयोग कक्ष, माइकिङबाट चेतनामुलक कार्यक्रम प्रसारण, समुहमा छलफल, घरदैलो भ्रमण, खोप कार्यक्रमबारे सुचाना प्रवाहजस्ता कार्य पनि गर्दै आएको काउन्सिलका संस्थापक अध्यक्ष सुर्यबहादुर थापाले जानकारी दिए ।

## विपद् जोखिम न्युनीकरण सम्बन्धी संवैधानिक तथा कानुनी ब्यवस्था




विपद् जोखिम न्युनिकरण तथा ब्यवस्थापनलाई नेपालको संविधान २०७२ र अन्य विभिन्न कानुनले सम्बोधन गरेका छन् । नेपालको संविधानको धारा ५१ (छ) को प्राकृतिक स्रोतको संरक्षण, संवर्द्धन र उपयोग सम्बन्धी राज्यका नीति अन्तर्गत खण्ड (९) मा प्राकृतिक प्रकोपबाट हुने जोखिम न्र्यनीकरण गर्न पुर्वसुचना, तयारी, उद्धार, राहत एवं पुनर्स्थापना गर्ने प्रावधान रहेको छ। संविधानले विपद् ब्यवस्थापनलाई सङ्घ र प्रदेशको साझा अधिकारको रुपमा अनुर्सची-७मा ब्यवस्था गरेको छ भने स्थानीय तहको अधिकारे अनुसुची-८ मा र सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकारको रुपमा अनुसुची-९मा समावेश गरेको छ।

विपद् जोखिम न्युनीकरण राष्ट्रिय नीति, २०७५ मा प्रभावकारी विपद् ब्यवस्थापनका लागि स्थानीय तहमा सङ्गठन संरचना, रणनीति, कार्यक्रम तथा योजना लागु गरिने उल्लेख छ। यसैगरी विपद् जोखिम न्युनीकरण तथा ब्यवस्थापन ऐन, २०७४ ले स्थानीय तहमा विपद् ब्यवस्थापन समितिको संस्थागत ब्यवस्था गरी काम, कर्तब्य र अधिकार समेत निर्धारण गरेको छ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को खण्ड (न) मा विपद् ब्यवस्थापनका सबै चरणमा गरिने कार्यमा सरकारले जलवायु परिवर्तनका असरलाई ब्यवस्थापन गर्न राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६ लागु गरेको छ।

वातावरण संरक्षण ऐन, २०७६ को दफा २३ मा स्थानीय तहले विकास आयोजना तर्जुमा गर्दा जलवायु परिवर्तनबाट स्थानीय तहको जिम्मेवारी हुने ब्यवस्था गरेको छ। सोही ऐनको दफा ११ को उपदफा (२) को खण्ड (ञ) मा स्थानीय तहलाई वातावरण संरक्षण र जैविक विविधताको संरक्षण सम्बन्धी कार्य जिम्मेवारी समेत तोकिएको छ।

नेपाल हुने प्रतिकुल असर वा जोखिम न्युनीकरणका लागि प्राथमिकता निर्धारण गर्न सक्ने ब्यवस्था छ। सोही ऐनको दफा २४ मा जलवायु परिवर्तनका प्रतिकुल असर र त्यसबाट हुन सक्ने नोक्सानी कम गर्नका लागि स्थानीय तहले अनुकुलन योजना बनाई कार्यान्वयन गर्न सक्ने ब्यवस्था छ। यसैगरी दफा २५ मा स्थानीय तहले जलवायु परिवर्तनलाई बढवा दिने हरितगृह ग्यास उत्सर्जनका क्षेत्रहरु पहिचान गरी न्युनीकरणसम्बन्धी आवश्यक कार्यक्रम सञ्चालन गर्न सक्ने ब्यवस्था रहेको छ। संवैधानिक र कानुनी रुपमा ब्यवस्था गरिएका यी प्रावधानहरूको कार्यान्वयन आजको आवश्यकता हो भन्ने कुराको महशुस सर्वत्र भएको छ । यिनिहरूको प्रभावकारी कार्यान्वयनबाट विपद्जन्य क्षतिलाई घटाउन सकिन्छ ।

# पहिरोको उच्च जोखिममा बुटवलको बटौली बजार



१४ गतेको फेरि गएको पहिरो सहितको लेढोले एक दर्जन घर मा क्षति पुऱ्याएको बुटवल उपमहानगरपालिकाले जनाएको छ ।

अहिले पनि ज्योतिनगर र लक्ष्मीनगर क्षेत्रका करिब २ सय घर पहिरोको जोखिममा छन्। उच्च जोखिममा रहेका ५० भन्दा बढी परिवार सुरक्षित स्थानमा सरेका छन् ।

तर, पटक पटक पहिरो गएर चुरेमा देखिएको क्षतविक्षत दृश्यले बुटवल बजार नै ठूलो जोखिममा परेको स्थानीयबासीले अडकलबाजी गर्न थालेका छन् ।

'२०५५ सालमा पहिलो पटक पहिरो खसेको थियो, झन्डै त्यही नै ठाउँमा ठिक उस्तै गरी यो पटक पहिरो खसेको छ', भूगो लविद् डा. भोजराज कडरियाले भन्नुभयो । उहाँको भनाइमा चुरे पहाड आफैंमा कमजोर भूबनोटको छ, यसैगरी पानी परिरहे र पहिरो नियन्त्रणका लागि प्रयास नगरिए यसबाट अझै ठूलो मानवीय तथा भौतिक क्षति हुन्छ ।'

यो वर्ष अघिल्लो वर्षभन्दा बढि पानी परेकाले यसको असरपहाडी स्थानमा पहिरो देखिएको छ भने तराईमा बाढी ।लगातारको वर्षाका कारण भदौ १०, १३ र १४ गते बुटवलको शिरमा रहेको चुरे डाँडामा ठूलो पहिरो गयो भने झन्डै १० दिनसम्म ज्योतिनगर र लक्ष्मीनगर बस्तीमा लगातार पहिरो खसिरहयो । भदौ १० गते गएको पहिरोले ज्योतिनगर बस्तीमाथि खानेपानीको ट्यांकीमा क्षति पुगेको थियो।

त्यसको तीन दिनपछि चुरेको माथिल्लो भागबाटै जमिन भासिएर ढुंगामाटो र रुखसहितको पहिरो ज्योतिनगरको बस्तीमा फेरि पस्यो। ४ घर पूर्ण रूपमा क्षतिग्रस्त बनायो । २ दर्जन घरपरिवार घर छाडेर अन्यत्र बास बस्न बाध्य भए ।



भदौ १४ गते चुरेबाट बगेको लेदोसहितको बाढी बुटवलको मुख्य बजार क्षेत्रसम्म आइपुगेको थियो। लुम्बिनी प्रदेश मुख्यमन्त्री कार्यालय, ट्राफिकचोक हुँदै हस्पिटल लाइनसम्म सडकमा लेदो बगेको थियो ।

बस्तीको शिरमा रहेको चुरे डाँडाबाट ठूलो पहिरो खसिरहने त्रासले स्थानीयबासी चिन्ति बनेका छन् ।

यस क्षेत्रको चुरे पहाड आफैंमा कमजोर भूबनोटको रहेको र गत २०७२ सालमाआएको भुकम्पले यस क्षेत्रको चट्टानमा झन कमजोर बनाएको छ । २०५५ साल भदौमा ज्योतिनगरमा खसेको चुरे पहाडको पहिरोले ५७ घर क्षतिग्रस्त भएको थियो ।

चुरे संरक्षण समिति बुटवलका प्रमुख अजय कार्कीले चुरे क्षेत्रमा ठूला आयो जना बनाउदा बुटवल क्षेत्र झनै जोखिममा पर्ने बताउनु हुन्छ ।

पहिरो व्यवस्थापनको सवालमा बुटवल उपमहानगरपालिकाले अहिलेसम्म स्पष्ट योजना बनाउन सकेको छैन । यसले गर्दा पनि २०५५ सालमा पहिरोले पुऱ्या( एको क्षति भुल्दै फेरि यहाँ बाक्लो बस्ती बसेको छ ।

चुरे संरक्षणका लागि खोलिएको राष्ट्रपति चुरे तराई–मधेस संरक्षण विकास समितिले गरेको अध्ययनमा डाँडाको माथिल्लो भागमा धाँजा फाँटेको उल्लेख छ । वसन्तपुर डाँडाको केही तल्लो भागमा २०७२ सालको भूकम्पपछि धाँजा फाटेको थियो । त्यही धाँजाबाट पानी परेपछि त्यहींबाट पहिरो जाने र बुटवलका ज्योतिनगर, लक्ष्मीनगर र आदर्शन नगर प्रभावित हुनसक्ने जन( इएको छ ।

# विपद जोखिम न्युनीकरणका लागि स्थानीय पहल

तुलसीपुर उपमहानगरपालिकालाई सुरक्षित सहरका रूपमा स्थापित गर्ने उद्देश्यले स्थानीय पहलको सुरूवात भएको छ । यसका लागि उप-महानगर पालिकाले विपद जोखिम न्युनीकरण तथा कार्यमञ्च गठनका बारेमा छलफल गरेको छ ।

विपदले समाजको आर्थिक, सामाजिक, राजनीतिक र वातावरणीय क्षेत्रमा प्रत्यक्ष प्रभाव पार्ने भएकाले विपद न्युनीकरणका लागि जोखिमको सिमांकनको तयारीका बारेमा छलफल गरिएको उपमहानगरपालिकाले जनाएको छ ।

तुलसीपुर उपमहानगरपालिकाको आयोजना तथा युएसएआईडीको तयार नेपाल र डिपीनेट नेपालको सहकार्यमा भएको कार्यक्रममा भविष्यमा विपद् घटना दोहोरीन नदिनका लागि पूर्व तयारी, सञ्चालन, समन्वय र व्यवस्थापनका विषयमा अभिमुखीकरण एवं कार्यमञ्च गठनका बारेमा जानकारी गराईएको थियो ।




कार्यक्रममा डिपीनेट नेपालका अध्यक्ष सुर्य थापाले विपद्को नीति संवेदनशिल भएपनि यसबारे सबै क्षेत्रको चासो पुग्न नसकेको बताउनु भयो । जोखिम न्युनीकरण र विपद नीति देशको विकासको हरेक गतिविधिसंग जोडिएको बताउँदै थापाले जोखिमको मूलप्रवाहीरकरणका विषयमा सबैले ध्यानदिनुपर्नेमा जोड दिनु भयो ।

अध्यक्ष थापाले विपदव्यवस्थापन शिक्षा,स्वास्थ्य,रोजगार, सुरक्षा,संरक्षण लगायतका पूर्वाधारसंग जोडिएकाले जोखिम न्युनीकरणका लागि क्षमता विकासको पैरवी तथा प्रचारप्रसारलाई थप प्रभावकारी बनाउन जरूरी रहेको उल्लेख गर्नुभयो ।

कार्यक्रमलाई सम्बाधेन गर्दै नगरप्रमुख घनश्याम पाण्डेले विपद् जोखिम न्यूनिकरणका लागि उपमहानगरपालिकाले दीर्घकालिन रणनीति बनाएर लक्ष्य निर्धारण गरी अघि बढ्ने प्रतिवद्धता जनाउनु भयो ।

विपद्ले विश्व अर्थतन्त्रमा ठूलो प्रभाव पार्ने हुँदा यसको पूर्व तयारीको सदैव खाँचो रहेको बताउदै नगरप्रमुख पाण्डेले विपद न्युनीकरणका लागि पालिकाहरूले महाशाखा स्थापना गरी काम गर्नुपर्ने बताउनु भयो । विपदबाट नगरलाई कसरी बचाउने भन्नेबारेमा स्थानीय सरकार सक्रिय भएर लागेको बताउँदै उहाले जोखिमका आधारमा रातो, पँहेलो र हरियो क्षेत्र निर्माण गर्दै लैजाने तयारी भइरहे को बताउनु भयो ।

तुलसीपुर उपमहानगरपालिकाका वन वातावरण तथा विपद् व्यवस्थापन समितिका संयोजक नबराज लामिछानेको अध्यक्षतामा भएको कार्यक्रममा तुलसीपुर नगरले तयार गरेको स्थानीय कार्यमञ्चको सञ्चालन मार्ग दर्शन २०७७ प्रस्तुत गरिएको थियो।

# कर्णाली प्रदेशका विकास नीतिमा गरिवी र विपद् जोडिने

कर्णाली प्रदेश सरकार दीगो विकास लक्ष्यले परिकल्पना गरे कमोजिम प्रदेश सरकारका सबै नीतिहरू विपद् जोखिम न्यूनिकरण गरिबीलाई ख्याल गर्दै बनाउने तर्फ अग्रसर भएको छ । यसका लागि कर्णाली प्रदेशको योजना आयो,कर्णाली प्रदेश सरकारका विभिन्न विषयगत मन्त्रालय तथा मातहतका निकायहरू लागि परेको बताइएको छ ।

दिगो विकास लक्ष्य कार्यक्रमको सप्ताहअन्तर्गत कर्णाली प्रदेश योजना आयो ग र आइओएमद्वारा असोज ७ गते सुर्खेतको वीरेन्द्रनगरमा आयोजित प्रदेशको विकास योजनामा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनसम्बन्धी प्रादेशिक परामर्श कार्यक्रमका सहभागिहरूले नीति बनाउँदा हतार गर्न नहुने तर बनाइसके पछि त्यसको कार्यान्वयन जतिसक्दो छिटो गर्नुपर्नेमा जोड दिए ।

सो कार्यक्रममा कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानूनमन्त्री सीताकुमारी नेपालीले प्रदेश सरकारले दिगो विकास लक्ष्यअनुसारको काम गर्न विपद्मैत्री नीति बनाउन लागिएको भन्दै विपद् जोखिम न्यूनीकरणका लागि पुर्वतयारी नै महत्वपूर्ण कार्य भएकाले त्यसैअनुसार पूर्वसूचना प्रणाली व्यवस्थित पारेर काम गरे त्यसको प्रभावकारिता बढ्ने बताउनुभयो ।

उहाँले विपन्न वर्गले खोला किनार र भिरालो जमिन नजिक बस्नुपर्ने बाध्यता रहेको भन्दै अबका नीति तथा कार्यक्रममा त्यस्ता बस्ती विकासको योजना बनाउँदा सुरक्षित स्थानमा स्थानान्तरण गर्नेगरी कार्ययोजना बनाउनु पर्ने बता( उनुभयो ।

विपद् आउनुका कारण पहिचान गरेर प्रतिकार्यका लागि तयारीमा जुट्दै गर्दा भूउपयोग नीतिसँग सम्बन्धित भएर काम गरेमा गरिबीलाई विपद् व्यवस्थापनसंग जोडेर अघि बढ्न सकिने र यस्तो कार्यले दीघृकालिन परिणाम दिने सरोकार वालाहरूको भनाइ थियो । कर्णाली प्रदेश नेपालका सात प्रदेश मध्ये सबैभन्दा बढि गरिवी भएको सबैभन्दा बढि क्षेत्रफल भएको प्रदेश हो ।

# किफायती बाढी पहिरो नियन्त्रणका लागि प्रविधि विस्तारमा जोड

मनसुनी वर्षा, भिरालो र कमजोर भौगोलिक बनावट लगायतका कारणले नेपालमा मनसुनको समयमा बाढी, पहिरो, डुवान, कटानजस्ता पानीजन्य विपदबाट ठूलो जनधनको क्षति हुने गरेको छ । पहाडका फेदी र तराईमा जलाधान क्षेत्रबाट बगेर आएको बालुवा तथा गेग्रान थुप्रिनाले बस्ती र खेती योग्य जमिन नष्ट भइरहेको छ ।

पहाडका बेसी भित्री मधेश र तराई क्षेत्रमा नदी किनार कटान तथा डुवानको समस्या दिन प्रतिदिन बढ्दै छ । यसै गरी पहिरोका कारण कयौं परिवार विस्थापित हुन पुगेका छन् । यस्ता समस्याबाट प्रभावित भूमिको उर्वरा शक्ति क्षय हुनुका साथै आर्थिक उपयोगिता घट्न गएको छ ।

सामान्यतय नेपालमा असारदेखि असोजसम्मको झण्डै सय दिन मनसुन सक्रिय हुन्छ । वर्षातको समयमा पहिरो बाढी कटान डुवान चटयाङ्ग सर्पदंश झाडापखालाजस्ता पानीजन्य प्रकोपहरूको कारण मानवीय क्षतिका साथै भौतिक क्षति हुने गरेको छ । बाढी तथा पहिरोबाट हुदै आएको क्षति कम गर्न कम लागतका प्रविधिको सफल प्रयोगको सुरूवात भएको छ भने यस्तो प्रविधिको विस्तार र विकासका लागि सरोकारवालाहरूले जोड दिएका छन् ।

बाढी र भूस्खलन न्यूनीकरणका लागि कम लागतको प्रविधि शिर्षकमा आयोजना गरिएको कार्यक्रमलाई संवोधन गर्दै राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राविधिकरणका कार्यकारी प्रमुख अनिल पोख्रेलले बाढी पहिरो रोकथामका लागि स्थानीय श्रोत साधन र जनशक्तिमा आधारित कम लागतको प्रविधि निकै प्रभावकारी र किफायती पाइएकाले यसलाई हरेक स्थानीय तहसम्म पुर्‍याउन आवश्यक नीति तर्जुमा निर्माण गर्न आवश्यक भएको बताउनु भयो ।

त्यसैगरी डिपीनेट नेपालका सल्लाहाकार समेत रहनु भएका नेपाल विज्ञान तथा प्रविधि प्रतिष्ठानका पूर्व उपकुलपति प्रा.डा. जिवराज पोखरेलले सानो लगानीमा स्थानीय श्रोत साधन र जनशक्तिको प्रयोग गरी बाढी र पहिरोजस्ता विपदबाट हुन सक्ने क्षति कम गर्न र बहुपक्षयीय लाभ लिन सकिने भएकाले यसको प्रवर्द्धनमा सरोकारवालाले साझा कार्यक्रम बनाएर अघि बढ्नु पर्ने धारणा राख्नु भएको थियो ।

स्थानीयश्रोत साधन र जनशक्ति प्रयोग गरी बाढी र पहिरो रोकथामको लागि कम लागतका प्रविधि अपनाउनका लागि डिपीनेट नेपालले विभिन्न संघसंस्थाको सहकार्य र समन्वयमा जनचेतना समेत जगाउने गरी स्थलगत रुपमा कम लागतको पहिरो र बाढी नियन्त्रण प्रविधिको प्रयोग गर्दै आइरहेको छ ।

खास गरेर कम लागत, स्थानीयश्रोतहरूको उपयोग र स्थानीय जनतालाई रोजगारीको अवसरलाई ध्यानमा राखी स्थानीयस्तरसम्म यो प्रविधिको प्रवद्धंन गर्ने उद्देश्यबाट डिपीनेट नेपालले गोरखा जिल्लाको सिरानचोकमा कम लागतमा पहिरो नियन्त्रण र महोत्तरीको बर्दिबास नगरपालिकाको बाहुन झोरामा १०० ओटा पोखरी निर्माण कार्य गरिएको छ ।

स्थानीयश्रोत साधन र जनशक्ति प्रयोग गरी यो प्रविधि अपनाउन सकेमा बाढी पहिरो डढेलो चट्याङ्गजस्ता विपदबाट हुने जनधनको क्षति कम गर्न सकिने विज्ञहरूको भनाइ छ ।

## अनुरोध

**प्रकोप पर्वतयारी संजाल नेपाल (डिपिनेट) ले मासिक रूपमा प्रकाशन गर्दै आएको विपद् बुलेटिनलाई निरन्तरता दिएको छ । यो बुलेटिनमा सरकारी निकाय, संयुक्त राष्ट्र संघीय एजेन्सी, गैर सरकारी संस्था, विकास साझेदार, निजी क्षेत्र तथा समुदायबाट विपद्को क्षेत्रमा भए गरेका गतिविधि, सिकाइ, उपलब्धी सम्बन्धी सान्दर्भिक फोटो तथा प्रकाशनका लागि उपयुक्त हुने सामग्री निम्न ठेगानामा पठाउनुहुन हार्दिक अनुरोध गर्दछौं ।**


**प्रकोप पूर्वतयारी सञ्जाल नेपालको सचिवालय**
कार्यालय रेडक्रस रोड, कालीमाटी, काठमाण्डौं
फोन नं. ः ०१-४६७२१६५, ६२२६६१३
Email: dpnet@dpnet.org.np
https://www.dpnet.org.np


**बाढि तथा वर्षाको जानकारीका लागिः ११५५ मा फोन गरौं ।**

### स्वीकारोक्ति


यस बुलेटिन भित्रका विषयवस्तु र सामग्री डिपिनेटका एकल जिम्मेवारी हुन् र तिनले युएसएआइडी वा अमेरिकी सरकारको विचारको प्रतिविम्बित गर्छन् भन्ने जरूरी छैन ।